## आन्तरिक राजस्व कार्यालय, पोखरा

## दशौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७८

***२०७८ मंसिर १***




**"स्वेच्छिक कर सहभागितामा अभिवृद्धि: सुशासन, विकास र समृद्धि"** भन्ने मूल नाराका साथ मुलुकभर भव्य रुपमा मनाइएको दशौं राष्ट्रिय कर दिवस-२०७८, आन्तरिक राजस्व कार्यालय, पोखरामा पनि विविध कार्यक्रम सञ्चालन गरि सप्ताहव्यापी रुपमा मनाइएको छ । २०७८ मंसिर १ गते कर दिवसको उद्घाटन समारोह आन्तरिक राजस्व कार्यालय पोखराको सभाहलमा जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यको प्रमुख आतिथ्यतमा सम्पन्न भयो । प्रमुख कर अधिकृत रमेश शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कास्की जिल्ला स्थित उद्योगी, व्यवसायी, पेशाविद्, विभिन्न सार्वजनिक निकायका कार्यालयको कार्यालय प्रमुख तथा कार्यालयका कर्मचारी गरी करिब ७० जनाको उपस्थिती रहेको थियो । कार्यक्रममा विभिन्न वक्ताहरुले स्वेच्छिक कर सहभागिता मार्फत कर संकलन लागत तथा कर परिपालना लागत कम गर्न एवं दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न सकिने विचार व्यक्त गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथी प्रमुख जिल्ला अधिकारी आचार्यले करदातामैत्री व्यवहार गरि करदातालाई कर तिर्न उत्प्रेरित गर्न कर प्रशासनको क्रियाशिलता रहने विश्वास व्यक्त गर्नुभएको थियो भने प्रमुख कर अधिकृत शर्माले कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद दिदैं विभागले तय गरेको नारा अनुसार नै आन्तरिक राजस्व कार्यालयले स्वेच्छिक कर सहभागिताको लागि करदातामैत्री सेवा प्रवाह, सूचना प्रविधिको प्रयोगमा तिव्रता तथा करदाता शिक्षामा जोड दिदैं कास्की तथा स्याङ्जा जिल्लास्थित उद्योगी, व्यवसायी, पेशाविद् तथा कर प्रणालीसंग प्रत्यक्ष वा परोक्षरुपमा सरोकार राख्ने सबैसंग समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

**२०७८ मंसिर २ गते (दोस्रो दिन)**



आन्तरिक राजस्व कार्यालय पोखराको सभाहलमा कास्की जिल्ला स्थित संघीय कार्यालयमा लेखा शाखामा कार्यरत कर्मचारीहरुलाई अग्रिम करकट्टी, करको भुक्तानी तथा विद्युतीय माध्यमबाट विवरण पेश गर्ने सम्बन्धमा प्रयोगात्मक सत्र सहितको अन्तरक्रिया तथा कर शिक्षा कार्यक्रम सम्पन्न भएको छ । कर अधिकृत मदन बहादुर के.सीको तथा कम्प्युटर अपरेटर दिपक पौंडेलले सञ्चालन गरेको उक्त कार्यक्रममा २९ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा प्रमुख कर अधिकृत रमेश शर्माले यस प्रकारको कार्यक्रमले करदाताहरुले भोग्नु परेको कर मिलान सम्बन्धी समस्या हल हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

**२०७८ मंसिर ३ गते (तेस्रो दिन)**

Activate Windows
Go to Settings to activate Windows.

भर्चुअल माध्यमबाट कास्की जिल्लाका स्थानीय तहका लेखा शाखामा कार्यरत कर्मचारीहरु तथा जिल्लास्थित सबै सार्वजनिक विद्यालयका लेखा शाखासंग सम्वन्धीत कर्मचारीहरुलाई अग्रिम करकट्टी सम्वन्धी व्यवस्था, दर, करको भुक्तानी तथा विद्युतीय माध्यमबाट विवरण पेश गर्ने सम्वन्धमा प्रयोगात्मक सहितको अन्तरक्रिया तथा कर शिक्षा कार्यक्रम सञ्चालन भएको छ । कर अधिकृत अर्जुन दाहालले सहजीकरण गरेको उक्त कार्यक्रममा ६३ जनाको सहभागिता रहेको थियो भने सहभागिहरुलाई कम्प्युटर अपरेटर दिपक पौडेलले प्रयोगात्मक शिक्षा प्रदान गर्नुभएको थियो





**२०७८ मंसिर ४ गते (चौथो दिन)**

जिल्ला सहकारी संघ कास्कीको समन्वयमा आन्तरिक राजस्व कार्यालय पोखराको सभाहलमा कास्की जिल्ला स्थित सहकारी संस्थाहरुलाई करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको छ । कर अधिकृत विजय प्रसाद लामिछानेले कर प्रणालीका विविध पक्षहरुका अतिरिक्त सहकारीले पालना गर्नुपर्ने कर कानूनका सम्वन्धमा प्रस्तुतीकरण प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा ७१ जना सहभागिले उत्साहजन रुपमा सहभागिता जनाउनुभएको थियो ।

**२०७८ मंसिर ५ गते (पाँचौ दिन)**



कास्की जिल्ला स्थित गण्डकी प्रदेश सरकार अन्तर्गतका कार्यालयमा लेखा शाखामा कार्यरत कर्मचारीहरुलाई अग्रिम करकट्टी, करको भुक्तानी तथा विद्युतीय माध्यमबाट विवरण पेश गर्ने सम्वन्धमा प्रयोगात्मक सहितको अन्तरक्रिया तथा कर शिक्षा कार्यक्रम सञ्चालन भएको छ । कर अधिकृत प्रमोद कुमार श्रीवास्तवले सहजीकरण गरेको उक्त कार्यक्रममा ४२ जनाको सहभागिता रहेको थियो भने सहभागिहरुलाई कम्प्युटर अपरेटर दिपक पौडेलले प्रयोगात्मक शिक्षा प्रदान गर्नुभएको थियो ।

**२०७८ मंसिर ६ गते (छैटौं दिन)**

कास्की जिल्ला स्थित सुरक्षा निकायका लेखा शाखामा कार्यरत जनशक्तिलाई अग्रिम करकट्टी, करको भुक्तानी तथा विद्युतीय माध्यमबाट विवरण पेश गर्ने सम्वन्धमा प्रयोगात्मक सहितको अन्तरक्रिया तथा कर शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । कर अधिकृत सुष्मा महताले सहजीकरण गरेको उक्त कार्यक्रममा २७ जना सहभागिहरुले आफ्ना



Activate Windows
Go to Settings to activate Windows.

जिज्ञासा राखुका साथै अबका दिनमा अग्रिम करकट्टी सम्बन्धी विवरण शत प्रतिशत विद्युतीय रुपमा पेश गर्ने प्रतिबद्धता जनाउनुभएको थियो

**२०७८ मंसिर ७ गते (सातौं दिन)**



दशौं राष्ट्रिय कर दिवस २०७८ को समापन समारोह २०७८ मंसिर ७ गते दिनको २.३० बजे आन्तरिक राजस्व कार्यालय पोखराको प्राङ्गणमा सम्पन्न भएको छ । प्रमुख कर अधिकृत रमेश शर्माको अध्यक्षता, गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्थको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सो कार्यक्रममा, कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, कोष तथा लेखा नियन्त्रक कार्यालय, कास्कीका प्रमुख कोष नियन्त्रक रामजी प्रसाद शर्मा, नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश कार्यसमितीका अध्यक्ष संजिब बहादुर कोइराला, पोखरा



उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइराला, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रराज आत्रेय, नेपाल चार्टर्ड एकाउन्टेन्स् संस्था पोखराका संयोजक लक्ष्मण अधिकारी, एक्यान कास्कीका अध्यक्ष सागर लामिछाने, अडान कास्कीका अध्यक्ष रुद्र प्रसाद पौडेल, कर सहयोगी श्रमिक संगठनका केन्द्रिय उपाध्यक्ष नारायण प्रसाद पौडेल अतिथीको रुपमा उपस्थित हुनुभएको थियो । करिब १७५ जनाको सहभागीता रहेको उक्त कार्यक्रमको सञ्चालन कर अधिकृत सुष्मा महताले सञ्चालन गर्नुभएको थियो भने स्वागत मन्तव्य कर अधिकृत विजय प्रसाद लामिछानेले गर्नुभएको थियो । आ.व.२०७६/०७७ मा कास्की जिल्लाबाट सबैभन्दा बढी कर दाखिला गर्ने करदाताहरु मध्येबाट आन्तरिक राजस्व विभागले तोकेको मापदण्डका आधारमा कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई उत्कृष्ट करदाताको रुपमा तथा कम्प्युटर अपरेटर दिपक पौडेललाई कार्यसम्पादनका आधारमा उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरिएको थियो । कर सप्ताहको अवसरमा आयोजना गरिएको अन्तर कर्मचारी ब्याडमिन्टन (डवल्स) का पुरुष तथा महिला खेलका विजेता तथा उपविजेता टोलीका खेलाडीहरुलाई पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथी प्रमुख सचिव रविलाल पन्थले आन्तरिक राजस्व समृद्ध नेपाल निर्माणको आधार भएकोले करदाताहरुले आफ्नो कारोबारको आधारमा वास्तविक कर तिर्नु आग्रह गर्नुभएको थियो भने विशेष अतिथी प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले राज्य सबै नागरिकको संरक्षक भएको र जनताको कर जनताकै हितमा प्रयोग हुने भएकोले राजस्वको क्षमता बढाउन सबै सक्रियतापूर्वक लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रमको समापन गर्दै प्रमुख कर अधिकृत रमेश शर्माले आन्तरिक राजस्व कार्यालय पोखरा व्यवसायीका समस्या सहजीकरणको लागि क्रियाशिल रहने बताउदै करदाताहरुलाई वास्तविक कर सहभागिता जनाउन, कर छलिका सूचना समयमै कार्यालयलाई उपलब्ध गराउन तथा समग्रमा कर प्रणालीको सुदृढीकरणमा साथ, सहयोग तथा सहकार्य गर्ने अनुरोध गर्नुभएको थियो ।

Activate Windows
Go to Settings to activate Windows.